


# CIM

## Facts Newsletter

Issue 24, Ashoj 2080

021-515712 Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com

**अप्रेन्टिशीप कार्यक्रम** दुई स्थानमा सिक्ने पद्धति हो । जसमा करिब ३.५ महिनासम्म शिक्षालयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान सिकाइन्छ भने करिब १९.५ महिना उद्योग/व्यवसायमा अनुभवि कामदारको प्रत्यक्ष मातहतमा रही दैनिक उत्पादन प्रक्रियामा सहभागि हुँदै सीप सिक्ने पद्धतिको अभ्यास हुन्छ । अप्रेन्टिशीप कार्यक्रममा सहभागी हुने व्यक्तिलाई औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिस) भन्ने गरिन्छ । अप्रेन्टिशिप कार्यक्रमको अवधि २४ महिनाको हुनेछ भने यो प्रि-डिप्लोमा तहको कार्यक्रम हो ।

**अहिले कोशी प्रदेश** सामाजिक विकास मन्त्रालयले आ.व. २०८०/०८१ को लागि आठ ओटा विभिन्न विषयहरुमा ६२० जनाको लागि कार्यक्रम आव्हान गरिसकेको छ र अप्रेन्टिसहरुको छनौट प्रक्रियाको चरणमा रहेको छ । यो कार्यक्रमको छनौट प्रक्रियाको चरणमा उद्योग/व्यवसायहरुको समेत महत्वपूर्ण भूमिका रहेको हुन्छ जसमा उद्योग/व्यवसायलाई उपयुक्त हुने अप्रेन्टिसहरुको छनौट उद्योग/व्यवसाय आफैले गर्नेछ ।

**उद्योग/व्यावसाले अप्रेन्टिसहरुको छनौट** गर्ने कानूनी आधार “प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका-२०७९” ले निम्न बमोजिम व्यवस्था गरेको छः उद्योग/व्यवसायको संलग्नतामा अप्रेन्टिस छनौट प्रक्रियाः

- ✓ उद्योग/व्यवसायले प्रारम्भिक छनौट पश्चात आफ्नो उद्योगमा सिक्नको लागि सिफारिस दिन सक्ने, जसको अंकभार २० पूर्णांक रहेको छ ।
- ✓ अन्तर्वार्ता टोलीमा अनिवार्य रुपमा औद्योगिक संघ/संगठनको प्रतिनिधि रहने व्यवस्था रहेको, जुन टोलीले ३० पूर्णांकको लागि अन्तर्वार्ताको माध्यमबाट अङ्क प्रदान गर्न सक्नेछ ।

**“Hire an Apprentice”** कार्यक्रम मार्फत उद्योग/व्यवसायहरुले प्रशिक्षार्थीहरुको प्रारम्भिक छनौट गर्न सक्नेछन । सो कार्यक्रममा सम्बन्धित शिक्षालयको अगुवाईमा सम्बधित उद्योगहरुको प्रतिनिधी, सम्बन्धित उद्योग संघ/संगठनहरुको प्रतिनिधी र सम्पूर्ण अवेदकहरु तोकिएको प्रवेश परीक्षा मिती भन्दा केहि दिन अगाडी वा प्राविधिक विद्यालय र उद्योगको आनुकूल समयमा एकदिनको कार्यक्रम आयोजना गरिन्छ। सोही कार्यक्रममा उद्योग/व्यवसाय र आवेदकहरु बीच प्रत्यक्ष कुराकानी गरी दुवै पक्षको **Choice** र **Requirements** को आधारमा औद्योगिक अभ्यास/प्रशिक्षणको सुनिश्चितता गर्छन ।

**यसरी उद्योग/व्यवसायहरुको प्रत्यक्ष संलग्नतामा** अप्रेन्टिसहरुको छनौट गर्दा उद्योग/व्यवसायहरुलाई मुख्यरुपमा निम्ना फाइदाहरु हुने गर्छः

- ➤ जनशक्ति निर्माणमा कम लगानी भइ अधिकतम प्रतिफल लिन सकिने
- ➤ न्यूनतम ज्यालाको कम्तिमा २५% दिन सकिने
- ➤ ३.५ महिना सम्बन्धित विषयमा सैदान्तिक र व्यवहारिक ज्ञान लिएर अप्रेन्टिस हुने
- ➤ १९.५ महिनासम्म उद्योग/व्यवसायमा नियमित काम गर्न सक्ने
- ➤ उद्योग/कम्पनी आफूले चाहे जस्तो जनशक्तिको विकास गर्न सक्ने र त्यस्ता सीप भएका व्यक्तिहरु भविष्यमा पनि त्यहि उद्योगहरुको लागि आवश्यक जनशक्ति हुन सक्ने

**तसर्थ,** अप्रेन्टिशीप कार्यक्रम अन्तर्गत अप्रेन्टिस छनौट प्रक्रियामा उद्योग/व्यवसायहरुको प्रत्यक्ष संग्लग्नताको अपरिहार्यता देखिन गएकोले प्रदेश सरकार, शिक्षालय र उद्योग/व्यवसायहरुबीच आवश्यक समन्वय र सहकार्य गरी उद्योग/व्यवसायहरुको संलग्नताको सुनिश्चितता गर्नु आजको आवश्यकता हो ।

# हाम्रो भनाइ

औद्योगिक विकासमा पूर्वाधारको भूमिका महत्वपूर्ण हुन्छ । पूर्वाधार विकासको प्रमुख दायित्व राज्यको हुने भएकाले आर्थिक एवम् औद्योगिक विकासका लागि दीर्घकालीन महत्व राख्ने सडक, विद्युत्, पारवहन लगायतका क्षेत्रको द्रुत विकास गर्नु आवश्यक छ । अनि मात्र स्वदेशी उद्योगहरूको प्रतिस्पर्धी क्षमतामा अभिवृद्धि हुनसक्छ ।

निजी क्षेत्रलाई औद्योगिक विकासमा अभिप्रेरित गर्न वित्तीय लगानी महत्वपूर्ण पक्ष हो । बैङ्क तथा वित्तीय संस्थाहरूमा तरलताको अभाव, ब्याजदरमा निरन्तर वृद्धि तथा अस्थिरता कायम रहँदा निजी क्षेत्रले आफ्नो उत्पादन-लागतको यकिन गर्नसक्ने अवस्था छैन । वित्तीय व्यवस्थापनमा निरन्तर छाइरहने अस्थिरताले नयाँ लगानीको सम्भावनालाई क्षीण बनाउँदै लगेको छ । त्यसैले देशमा स्थिर वित्तीय नीतिको आवश्यकता छ ।

उर्जाले उत्पादन-लागतमा प्रत्यक्ष असर पार्दछ । लोडसेडिङको अन्त्य भएपनि निरन्तरको ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएसनले औद्योगिक क्षेत्रमा थप समस्या निम्त्याएको छ भने उत्पादन-लागत वृद्धि भएर प्रतिस्पर्धी क्षमता कमजोर हुँदै गएको छ । तसर्थ विद्युत्को निर्यातमा जोड दिनुभन्दा स्वदेशी उद्योगलाई गुणस्तरीय र निरन्तर विद्युत् आपूर्तिको व्यवस्था गरी उत्पादनमूलक उद्योगलाई सस्तो दरमा विद्युत् उपलब्ध गराउनु पर्दछ ।

विश्वका अधिकांश मुलुक र सरकार स्वदेशी उत्पादन तथा स्वदेशी उद्योगका प्रवर्धनका लागि नीतिगत संरक्षणलाई नै पहिलो प्राथमिकतामा राखेको हुन्छ । तसर्थ स्वदेशी उद्योगको संरक्षणलाई दृष्टिगत गर्दै आयातित कच्चा पदार्थ र उत्पादित वस्तुको आयातमा रहेको अवैज्ञानिक भन्सार महसुललाई परिमार्जन गर्नुपर्छ । त्यस्तै तयारी वस्तुको न्यून मूल्याङ्कन र न्यून बिजकीकरणले स्वदेशी उद्योगमा परेको नकारात्मक प्रभावलाई सूक्ष्म रूपमा अध्ययन र विश्लेषण गरेर स्वदेशी उद्योग फस्टाउने गरी संरक्षण प्रदान गर्नु पर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०-८१ को पहिलो महिनाको तथ्याङ्क



**१.६ प्रतिशतले**
घटेको छ, (आयात) ।



**८.७ प्रतिशतले**
घटेको छ, (निर्यात) ।



**७.५२ प्रतिशत**
वार्षिक औषत मुद्रास्फीति ।



**रू. ३२ अर्ब ९० करोड**
वचत, शोधनान्तर स्थिति ।



**रू. ११ अर्ब ८५ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।



**२.३ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।




**०.१ प्रतिशत**
घटेको छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।



**२५.८ प्रतिशत**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा वढेको छ ।


श्रोत: नेपाल राष्ट्र बैंक

# Imports and Exports

Based on First Two Months (Shrawan-Bhadra) of FY 2080/81 (Mid July 2023 to Mid September 2023)

*(figures are in Rs. Thousands)*

| No. | Category | Imports Value | Exports Value | Trade Balance |
|---|---|---|---|---|
| 01 | Coffee, Tea, Mate & Spices | 1926823 | 2731444 | 804621 |
| 02 | Iron & Steel | 24493725 | 2620648 | -21873076 |
| 03 | Man-Made Staple Fibres | 3687198 | 2049927 | -1637271 |
| 04 | Carpets & Other Textile Floor Coverings | 47955 | 2037227 | 1989271 |
| 05 | Apparel & Clothing Accessories: Not Knitted or Crocheted | 5203612 | 1441075 | -3762537 |
| 06 | Preparations of Vegetables, Fruit, Nuts or Other Parts of Plants | 461066 | 1307579 | 846513 |
| 07 | Wood & Articles of Wood: Wood Charcoal | 1073198 | 1290048 | 216849 |
| 08 | Food Industries, Residues & Wastes Thereof: prepared Animal Fodder | 4085760 | 1196884 | -2888876 |
| 09 | Apparel & Clothing Accessories: Knitted or Crocheted | 47955 | 2037227 | 1989271 |
| 10 | Wadding, Felt & Nonwovens, Special Yarns: Twine, Cordage, Ropes & Cables & Articles Thereof | 5203612 | 1441075 | -3762537 |





Source : Ministry of Finance, Dept of Customs

# Trade Balance by Partner Countries :

Based on First Two Months (Shrawan-Bhadra) of FY 2080/81 (Mid July 2023 to Mid September 2023)

*(figures are in Rs. Thousands)*

| | | ◆ | ■ | ▲ |
|---|---|---|---|---|
| 01 | Australia | 2627209 | 341594 | -2285615 |
| 02 | China | 46543258 | 543374 | -45999883 |
| 03 | India | 160757983 | 16735078 | -144022904 |
| 04 | Germany | 2370141 | 867830 | -1502311 |
| 05 | Indonesia | 2507146 | 21456 | -2485689 |
| 06 | Malaysia | 2775407 | 52281 | -2723125 |
| 07 | Morocco | 2379444 | 395 | -2379049 |
| 08 | Ukraine | 2815658 | 0 | -2815658 |
| 09 | United Arab Emirates | 5635745 | 424694 | -5211050 |
| 10 | United States | 2220620 | 3367437 | 1146816 |





Source : Ministry of Finance, Dept of Customs

# Exports by Commodities and Partner Countries :

Based on First Two Months (Shrawan-Bhadra) of FY 2080/81 (Mid July 2023 to Mid September 2023)

*(Exports Value are in Rs. Thousands)*





Source : Ministry of Finance, Dept of Customs

# Imports and Exports by Customs Offices :

Based on First Two Months (Shrawan-Bhadra) of FY 2080/81 (Mid July 2023 to Mid September 2023)

*(Imports Value and Exports Value are in Rs. Thousands)*





Source : Ministry of Finance, Dept of Customs

# संविधान जारी हुनुअघि र पछिको आर्थिक अवस्थाको तुलना

| आ.व. ०७२। ७३ | |
|---|---|
| कुल गार्हस्थ उत्पादन | २६ खर्ब ८ अर्ब |
| सार्वजनिक ऋण | ६ खर्ब २७ अर्ब |
| व्यापारघाटा | ७ खर्ब ८१ अर्ब |
| चालु खाता सन्तुलन | १ खर्ब ४० र्अब (वचत) |
| विदेशी विनिमय सञ्चिति | १४.९ महिनाको आयात धान्ने |
| विप्रेषण आय | ६ खर्ब ६५ अर्ब |
| निजी क्षेत्रतर्फ कर्जाविस्तार | २३.२ प्रतिशत |
| सडकयातायातको कुल लम्बाइ | २९०३१ किमी |
| सिँचाइ (हेक्टर) | १३ लाख ७४ हजार |
| विद्युत् उत्पादन (जडित क्षमता) | ८५१ मेगावाट |

| आ.व. ०७९ । ८० | |
|---|---|
| कुल गार्हस्थ उत्पादन | ५३ खर्ब ८१ अर्ब |
| सार्वजनिक ऋण | २२ खर्ब ३१ अर्ब |
| व्यापारघाटा | १४ खर्ब ५४ अर्ब |
| चालु खाता सन्तुलन | ७२ अर्ब १६ करोड (ऋणात्मक) |
| विदेशी विनिमय सञ्चिति | ९.४ महिनाको आयात धान्ने |
| विप्रेषण आय | १२ खर्ब २० अर्ब |
| निजी क्षेत्रतर्फ कर्जाविस्तार | ३.८ प्रतिशत |
| सडकयातायातको कुल लम्बाइ | ३४१०० किमी |
| सिँचाइ (हेक्टर) | १५ लाख ३३ हजार |
| विद्युत् उत्पादन (जडित क्षमता) | २६६६ मेगावाट |



### मोरङ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा

## २०७९ भाद्र महिना दर्ता भएका उद्योगको विवरण

| उद्योगको प्रकार | साना | | | कुल | स्थिर पुंजी हजारमा | चालु पुंजी हजारमा | कुल पुंजी हजारमा | उद्यमी | | | कामदार | | | लगत कट्टा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा.फ | सा.फ | प्रा.लि | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| उत्पादनमूलक | ३२ | २ | ३ | ३७ | १,२५,१०० | १,१७,५०० | २,४२,६०० | २३ | २२ | ४५ | २६ | ५१ | ७७ | |
| कृषि तथा वन्यजन्य | ९७ | १ | ० | ९८ | ९८,४०० | १,१७,५०० | २,१५,९०० | ६७ | ३२ | ९९ | ७३ | ६१ | १३४ | |
| निर्माण | ३ | ० | ३ | ६ | ६,९०० | ३,८२० | १०,७२० | २ | ८ | १० | ८ | २० | २८ | |
| सेवामूलक | २४ | ६ | ० | ३० | ७६,९०० | ६३,८०० | १,४०,७०० | १५ | २४ | ३९ | १३ | ३३ | ४६ | |
| जम्मा | १५६ | ९ | ६ | १७१ | ३,०७,३०० | ३०२६२० | ६,०९,९२० | १०७ | ८६ | १९३ | १२० | १६५ | २८५ | |

### मोरङ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा

## २०८० भाद्र महिना दर्ता भएका उद्योगको विवरण

| उद्योगको प्रकार | साना | | | कुल | स्थिर पुंजी हजारमा | चालु पुंजी हजारमा | कुल पुंजी हजारमा | उद्यमी | | | कामदार | | | लगत कट्टा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रा.फ | सा.फ | प्रा.लि | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| उत्पादनमूलक | १८ | १ | ० | १९ | १५,६४२ | १७,५९८ | ३३,२४० | ९ | ११ | २० | २० | ३० | ५० | |
| कृषि तथा वन्यजन्य | ३२ | १ | ० | ३३ | ३०,६८३ | ३०,२९७ | ६०,९८० | १७ | १७ | ३४ | ३४ | ३४ | ८४ | |
| सेवामूलक | २६ | १ | ० | २७ | ४५,७०७ | ५७,१८३ | १,०२,८९० | १५ | १३ | २८ | २७ | २७ | ७२ | |
| जम्मा | ७६ | ३ | ० | ७९ | ९२,०३२ | १,०५,०७८ | १,९७,११० | ४१ | ४१ | ८२ | ८१ | १२५ | २०६ | |

# मोरङमा उद्योगस्थापना र लगानी घट्दो क्रममा

मोरङमा घरेलु तथा साना उद्योगको स्थापना गर्ने क्रम घट्तो क्रममा रहेको देखिएको छ ।

मोरङ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले उपलब्ध गराएको भदौ महिनासम्मको तुलनात्मक तथ्याङ्कले उद्योग स्थापना गर्ने क्रममा घट्तो अवस्था रहेको देखाएको हो ।

तथ्याङ्कअनुसार गत आर्थिक वर्षको भदौ महिनासम्ममा कार्यालयमा कुल १७१ वटा उद्योग दर्ता भएकोमा चालु आवको सोही अवधिमा ७९ वटा मात्र भएका छन् ।

मोरङमा घरेलु तथा साना उद्योगको स्थापना गर्ने क्रम घट्तो क्रममा रहेको देखिएको छ ।

मोरङ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले उपलब्ध गराएको भदौ महिनासम्मको तुलनात्मक तथ्याङ्कले उद्योग स्थापना गर्ने क्रममा घट्तो अवस्था रहेको देखाएको हो ।

तथ्याङ्कअनुसार गत आर्थिक वर्षको भदौ महिनासम्ममा कार्यालयमा कुल १७१ वटा उद्योग दर्ता भएकोमा चालु आवको सोही अवधिमा ७९ वटा मात्र भएका छन् ।

कार्यालयमा गत आवको भदौ मसान्तसम्ममा प्राइभेट फर्म १५६ वटा दर्ता भएका थिए भने चालु अवधिको सोही अवधिमा ७६ वटा मात्र भएका छन् । त्यस्तै गत आवको भदौसम्ममा साझेदारी फर्म ९ वटा दर्ता भएकोमा चालु आवको सोही अवधिमा ३ वटा मात्र दर्ता भएका छन् । प्रा.लि. उद्योग त चालु आवको भदौ मसान्तसम्ममा कुनै दर्ता भएका छैनन् जबकि गत आवको सोही अवधिमा ६ वटा दर्ता भएका थिए ।

गत आवको भदौ मसान्तसम्म र चालु आवको सोही अवधिमा मोरङमा घरेलु तथा साना उद्योगमा गरिएको लगानीरकममा पनि ह्रास आएको छ ।

गत आर्थिक वर्षको भदौ मसान्तसम्ममा ६० करोड ९९ लाख २० हजार रुपैयाँ लगानी गरिएकोमा चालु आवको सोही अवधिमा १९ करोड ७१ लख १० हजारको मात्र लगानीको घोषणा गरिएको छ ।

जसअनुसार गत आवको भदौ मसान्तसम्ममा उत्पादनमूलक उद्योगमा २४ करोड २६ लाखको लगानी घोषणा गरिएकोमा चालु आवको सोही अवधिमा ३ करोड ३२ लाख ४० हजारको मात्र घोषणा गरिएको छ । त्यस्तै गत आवको पहिलो २ महिनामा कृषि तथा वन्यजन्य उद्योगमा २१ करोड ५९ लाखको घोषणा भएकोमा चालु आवको सोही अवधिमा ६ करोड ९ लाख ८० हजारको मात्र घोषणा गरिएको छ । सेवामूलक उद्योगमा पनि चालु आवमा लगानी घटेको छ । गत आवको भदौ मसान्तसम्ममा सेवामूलक उद्योगमा मोरङमा १४ करोड ७ लाख घोषणा गरिएकोमा चालु आवको सोही अवधिमा १० करोड २८ लाख ९० हजारको मात्र घोषणा छ ।

## उद्योग संगठन मोरङद्वारा २०८० असोज ४ मा आयोजित आर्थिक परिचर्चा कार्यक्रममा

### सहभागी वक्ताबाट प्रकट मन्तव्यको सम्पादित अंश



## राकेश सुराना
अध्यक्ष, उद्योग संगठन मोरङ



यस कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले वर्तमान आर्थिक र मौद्रिक अवस्थाबारे पावर प्वाईन्टमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा अध्यक्ष सुरानाले वर्तमान समयमा बैंक तथा वित्तीय संस्थामा इतिहासमै सबैभन्दा बढी मुद्रा जम्मा भएपनि लगानीको क्षेत्र भने चरम निराशा र कुण्ठामा रहनुपरेको स्पष्ट पार्नुभयो ।

## पवन सारडा
अध्यक्ष, नेपाल उद्योग परिसंघ, कोशी प्रदेश



नेपालमा ड्युटी धेरै छ । अन्तर्राष्ट्रिय ट्रेन्ड हेर्ने हो भने यो धेरै नै हो । लगभग १२ प्रतिशत छ । करको दरभन्दा पनि करको दायरा बढाउनु पर्छ । सिमानावारि र पारिको करको अध्ययन गरेर पुनरावलोकन गरिनु पर्छ । अहिले मदिरा र सुर्तीजन्य वस्तु, फलाम र प्लास्टिक दानामा धेरै कर लगाइएको छ । यसबाट व्यवसायिक क्षेत्रलाई समस्या परेको छ । देशको अर्थतन्त्र बिग्रँदो अवस्थामा पुगेकै कारण युवाको पलायन डरलाग्दो गरी बढेको हो ।

## किशोर प्रधान
पूर्व अध्यक्ष, उद्योग संगठन मोरङ



देशमा पुँजीगत र चालु खर्चको ठूलो अन्तर छ । पुँजीगत खर्च बढाउन सरकार अझ धेरै जिम्मेवार हुनुपर्छ । चालु खर्च बढ्दा विकासले गति लिन सक्दैन । खासगरी तीन कुरामा ध्यान दिनुपर्छ ।

१) कृषिको आधुनिकीकरण गर्दै औद्योगिकीकरण गरिनु पर्छ । कोशी प्रदेशकै कुरा गर्ने हो भने कोसीले बहाव छाडेका क्षेत्रमा २२ हजार बिघा जमिन त्यसै छ । यसलाई प्रयोग गरेर आधुनिक प्रविधि अपनाएर कृषिमा लगानी गर्ने हो भने प्रदेशलाई पुग्ने उत्पादन लिन सकिन्छ । यसमा प्रदेश सरकारले लगानी लगाउन सक्छ । भारतले मुआब्जा दिएर छाडेको यो जमिन उपयोग गर्नेबारे भारत सरकारसँग पनि छलफल गरिनुपर्छ । कृषि क्षेत्रको उन्नयनका लागि प्रदेश सरकारले कर छुट दिने जस्ता औजार प्रयोग गर्नसक्छ ।

२) पर्यटनको ठूलो सम्भावना छ । यसका लागि पूर्वाधार सहितको प्याकेज दिनसक्ने पर्यटनबाट ठूलो लाभ मिल्न सक्छ ।

३) अहिले स्कुल र कलेजहरू विद्यार्थीविहीन हुन थालेका छन् । नेपालमा नर्सिङका कलेज हुँदा भारतबाट समेत विद्यार्थी आउँथे तर अहिले यता बन्द गर्दा भारततिर नै कलेज खुल्न थाले । उताका विद्यार्थी उतै पढ्न थाले । यसबाट हुने आर्जन कमी भयो । यसबाट नेपाललाई फाइदै भएको थियो । उद्योगी-व्यवसायी सरकारले गरेन-गरेन भन्नुको साटो आफू पनि अनुशासित हुनुपर्छ ।

## भोलेश्वर दुलाल

उपाध्यक्ष, उद्योग संगठन मोरङ



मलेसिया, श्रीलङ्काजस्ता धेरै नै बिग्रिएका देशहरू हामीले हेर्दाहेर्दै सुधारमा जान सफल भए भने हामी किन सक्तैनौँ भन्ने तथ्य हामीले बुझ्नुपर्छ । त्यसैले हामीले सकारात्मक भएर सुधारको बाटोमा जानुपरेको छ । मान्छेहरू यस्तो देशमा लगानी गरेर के हुन्छ, बसेर के हुन्छ भनिरहेका छन् तर मैले लगानी गर्न छाडेको छैन ।

राज्यले नै कृषि, उद्योग, व्यापार आदि क्षेत्रका ऋणमा फरक-फरक ब्याजदर हुने नीति ल्याउनुपर्छ । बैङ्कले ऋणको ब्याजदरमा आज एउटा सम्झौता गर्छन् भोलि सर्लक्क अर्को नीति लिएर आउँछन् । यसले गर्दा व्यवसाय गर्न कठिन भएको छ ।

## अश्विनी वंशल

चार्टर्ड एकाउन्टेन्ड



वित्तीय र मौद्रिक नीतिबिच तालमेल देखिँदैन । मुद्रास्फीति बढ्यो भनेर त्यसलाई कडाइ गर्न सकिन्छ वा नियन्त्रित गर्न सकिन्छ । डोमेस्टिक टुल्स प्रयोग गरे स्फीति रोक्न सकिन्छ । भिजनमा कमजोरी छ । ४ खर्ब पुँजी बैङ्कमा आइडल छ । सिसिडी रेसियो ८५ प्रतिशतलाई त्योभन्दा माथि चेन्ज गरेर ९० प्रतिशत लगानी गर्न सकिन्छ । तर डिपोजिट बढाएर बैङ्कहरूले लगानी घटाए । त्यसले समस्या बढ्यो । ब्याजदर बढ्यो । बैङ्कको अस्वस्थ प्रतिस्पर्धाले पनि समस्या आएको हो । जवाफदेही हुनुपर्छ । मौद्रिक नीतिमा निजी क्षेत्रले सधैँ सुझाव दिन्छ तर दिइएका सुझाव समेटिँदैनन् । किन कार्यान्वयन भएन भनेर निजी क्षेत्रसँग छलफल पनि गरिँदैन ।

निराशाका बिच पनि आशा छ । तर एकै प्रकारका उद्योग लगाउनुभन्दा फरक-फरक लगाउन उद्योगीबिच प्रतिस्पर्धा हुनुपर्छ । एउटाले एक उद्योग लगाएर कमाइ गऱ्यो भनेर सबैले त्यसलाई नै पछ्याउनु पर्छ भन्ने छैन । अब टेक्नोलोजी बिजनेसलाई पनि बढावा दिनुपर्छ । करनीतिले सोझै उद्योग र व्यापारमा असर गर्ने भएकोले यसलाई व्यावहारिक बनाउन पर्छ । क्यापिटल मार्केट र रियल स्टेटलाई अन्डरमाइन्ड गरिएको छ । त्यो ठिक होइन । कुनैपनि देशको आर्थिक ऐना भनेको क्यापिटल मार्केट कस्तो अवस्थामा छ भन्नेले प्रस्ट पार्छ । त्यसैले भएका कमजोरी सुधार गर्नुपर्छ । अहिले भएकामध्ये धेरै उद्योग क्यापिटल मार्केटमा जान चाहन्छन् ।

## भेषप्रसाद धमला

अर्थशास्त्री



मुलुकले अहिले संरचनात्मक सुधार खोजेको छ । उद्योगव्यवसाय मात्र होइन शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि सबै क्षेत्रमा मुलुकको नीति जसरी अगाडि बढेको छ त्यसले हामीलाई कहीँ पुऱ्याउँदैन ।

अर्थमन्त्रीजी अर्थतन्त्रले लय समातिसकेको छ भन्नुहुन्छ तर खासमा केही समातेको छैन । रेमिट्यान्सबाट पैसा आएको मात्र हो । त्यसैले ब्यालेन्स अफ पेमेन्टमा सुधार देखिएको हो । हामीले यत्तिकैमा सन्तुष्टि लिन हुन्न । यो रेमिट्यान्सले देखिएको सुधार मुतको न्यानो मात्र हो ।ब्यालेन्स अफ पेमेन्टमा सुधार देखिएको हो । हामीले यत्तिकैमा सन्तुष्टि लिन हुन्न ।

राजस्वबाट जति अनुमान गरिएको हो त्यो उठ्न सकेको छैन । राजस्वले सरकारको खर्च धानेको छैन । वैदेशिक र आन्तरिक ऋण वा वैदेशिक अनुदान लिनुपरेको छ । यसरी हामी सङ्कटतर्फ उन्मुख छौँ ।

तसर्थ मुलुकले संरचनात्मक परिवर्तन खोजेको छ । यत्रा सांसद्, तीन तहको सरकार, तिनका सल्लाहकार, आसेपासे, स्वकीय सचिवहरू, सचिवालय आदिको खर्च ठुलो छ । समावेशी भनिएको छ त्यसको पनि खर्च ठुलो छ । अन्तिममा यसको असर राष्ट्रकै बजेटमा परिरहेको छ ।

हामी प्रत्येक प्रदेशमा १० हजार बिघा जमिनमा चक्लाबन्दी गरेर आधुनिक खेती गर्नसक्छौँ । तर उद्योगीहरूमा पनि के देखियो भने कसैले एउटा उद्योग वा व्यवसाय गरेर ऊ सफल भयो भने सबै त्यसैमा हाम्फाल्ने । यसलाई सुधार गर्नुपर्छ ।

## वेदराज आचार्य

अर्थशास्त्री



अहिलेको समयमा साम्प्रदायिक कुरा नगरी सबै भाषाभाषी, जातजाति, वर्गसमुदाय एक भएर हिँड्नुपर्ने हो तर यहाँ उद्योगव्यवसायमा पनि जातीयता र साम्प्रदायिकताले प्रवेश पाएको छ । यो खतरनाक पक्ष हो । कुनै एक जातिलाई होच्याएर वा उसको मानमर्दन गरेर मुलुक कहीँ पुग्दैन ।

हामी विदेश पढ्न जाने विद्यार्थीलाई रोक्न सक्तैनौँ । रोक्नुपर्ने रोजगारी गर्न जाने युवाशक्तिलाई हो तर हामीले रोक्न सकेनौँ । यही नै विडम्बना भएको छ ।

## वसन्त अधिकारी

सामाजिक अभियन्ता



व्यापार-व्यवसाय गरेर सहज रूपले गरी खान सक्ने वातावरण हुनुपर्छ । नेपालले भारत र चीनबाट सिके पुग्छ । कसरी ती देशले आफूलाई रिफर्म गरे त्यसैबाट सिक्नुपर्छ । हामीसित त्यहीअनुसारको विल पावर र भिजन चाहिन्छ । हामी आफैँले गरेनौँ भने जनता खाडी गइरहेका हुनेछन् ।

## डा. ज्ञानेन्द्रमानसिंह काकी

मेडिकल कलेज र अस्पताल सञ्चालक



मुलुक नै पूर्ण रूपमा बिरामी छ, आइसियु र भेन्टिलेटरमा छ । यसबाट मुलुकलाई कसरी निकाल्ने त्यसलाई प्राथमिकता दिनुपर्छ ।

हामीलाई कसले बचाउला ? जसले अर्थतन्त्रलाई यहाँसम्म ल्यायो ऊ नै बिरामी छ ।

अब सेक्टरवाइज छलफल गर्न आवश्यक भएको छ । जस्तो शिक्षा, उद्योग, पर्यटन, आयात, निर्यात, शिक्षा, खेलकुद स्वास्थ्य, मेडिकल कलेज आदि विषयमा छुट्टाछुट्टै छलफल चाहिएको छ ।

आउँदो पुस्तालाई हामीले सबै कारोबार हस्तान्तरण गर्दै जानुपर्छ किनकि अबको प्रविधि र ज्ञानलाई हाम्रो टाउकोले भ्याउँदैन । हामीले भएको जनशक्तिलाई नै सक्षम र सबल बनायौँ भने गएका पनि फर्किन्छन् । जानेहरू जान्छन्, हामी रोक्न सक्तैनौँ । भारतपछि अब स्वास्थ्यकर्मी र डाक्टरहरू नेपालबाट बाहिर गइरहेका छन् । हाम्रो सञ्चालनमा २ वटा ठुला अस्पताल छन् । तिनका लागि नै नर्सिङ स्टाफको अभाव हुन थालेको छ । दुईचार वर्ष होइन दुईचार महिनामै अभाव हुने देखिइसक्यो । यहाँ हामी महिनाको २०-३० हजार दिन्छौँ, विदेशमा भए २-३ लाख पाउँछन् । अनि कसरी बस्छन् त नर्सहरू ? हामीले टिचिङ अस्पतालमा १ सय बेडको आइसियु लगाएका छौँ, स्टाफ नपुगेर ५० बेड मात्र चलाउँछौँ । अर्कातिर हाम्रो मेडिकल कलेज ३ सय जनालाई पढाउन सक्षम छ तर सरकार १ सयलाई मात्र पढा भन्छ । अनि कसरी आउँछ समृद्धि ?



## रेवतबहादुर थापा

पर्यटन व्यवसायी

पर्यटनव्यवसायसित जुत्ता सिउने, बाटोमा चिया बेच्ने र सडकमा मकै पोल्ने पनि जोडिएका हुन्छन् भन्ने राज्यले बुझ्नु आवश्यक छ ।

हामीले होटल-पर्यटनका क्षेत्रमा भारतीय ग्राहक नै आकर्षित गर्ने हो । तर भारतीय पर्यटकलाई सरकारी पक्षबाट नै हतोत्साही बनाइन्छ । एउटा भारतीय पर्यटक आफ्नो गाडी लिएर विराटनगर नाकाबाट काठमाडौँसम्म जाने हो भने बिचका पच्चिसौँ ठाउँमा प्रहरीले रोकेर झन्झट दिने गरेको छ । भारतीय ग्राहक आफूसित पर्याप्त रकम लिएर नेपाल आउनसक्ने अवस्था छैन । पालिकापिच्छे सवारीसाधनले कर तिर्नुपर्दा पनि पर्यटकहरू दिक्क मान्ने गर्छन् । सुधार गर्नुपर्ने पक्ष धेरै छन् । हामी धेरै वर्षदेखि कराइरहेका छौँ । सरकारले सुनेको छैन ।



# ...कहिले बुझ्ला हाम्रा सरकारले ?

## नरेश राठी

चामल, पिठोमैदा र तेल उद्योगमा लामो समयदेखि संलग्न **नरेश राठी नेपाल चामल-तेल-दाल उद्योग संघका उपाध्यक्ष** पनि हुन् । राठीका सञ्चालनमा एक राइस मिल, एक मैदा उद्योग र एक तोरीको तेल उद्योग छन् । उद्योग संगठनले पछिल्लो अवस्थामा कोशी प्रदेशका खाद्यान्न र खाद्यतेल उद्योगका विषयमा राठीसित संक्षिप्त वार्ता गरेको थियो । प्रस्तुत छ सोही वार्ताको सम्पादित अंश-

## अब त दशैंतिहारजस्ता ठुला चाडबाड आए । उत्पादन र कारोबार दुबै बढेको होला होइन ?

चाडबाडका कारणले उत्पादन र कारोबारमा केही वृद्धि भएको छैन । आज १८ महिना भयो, चामल र तेलका दुबै उद्योग ८ घण्टा मात्र सञ्चालन गरिरहेका छौँ । त्यसमा पनि ओभर प्रोडक्सन भएर ३/४ महिनामा एक पटक १५ दिनका लागि उद्योग बन्द गर्नुपर्छ । यसले गर्दा कामदार र कर्मचारीलाई बिना काम पारिश्रमिक दिएर राख्नुपर्छ । बन्द हुँदा पनि उद्योगको खर्चमा कमी आउँदैन । बैंकको ब्याज लागिरहेकै हुन्छ । न्यूनतम भए पनि विद्युत्को महसुल तिर्नु परिहाल्छ ।

## यस्तो अवस्था कसरी उत्पन्न भयो त ?

नेपालमा उत्पादन र कारोबारमा ह्रास आउनुको कारण विश्वव्यापी मन्दी हो भन्ने न्यारेटिभ बनिरहेको छ । तर म यसलाई शत प्रतिशत मान्न तयार छैन । यसको मुख्य कारण सरकारी नीति र कार्यशैली हो भन्ने मेरो धारणा छ । किनकि कोभिड कालमा बोर्डर सिल हुँदा उत्पादन र कारोबार राम्रो चलेको थियो । कोभिड कालमा धेरैजसो समय त चौबिसै घण्टा पनि उद्योग चलाइयो । किनकि त्यस बेला सीमाक्षेत्र सिल गरिएको थियो । अवैध आयात नगण्य थियो । यसका कारण आन्तरिक उत्पादनमा वृद्धि भयो । तर कोभिड काल सकिएपछि त्यस्तो अवस्था रहेन । सीमा नाकाबाट गरिने अवैध पैठारी विगतका वर्षमा भन्दा दोब्बर हुन थाल्यो । जुन प्रकारले खाद्य पदार्थका स्वदेशी उद्योगमा मन्दी छाएको छ त्यसले गर्दा अवैध पैठारी पहिलेका तुलनामा दोब्बर-तेब्बर र संगठित पनि छ भन्न सकिन्छ । यस्तो ठुलो परिमाणको संगठित अनधिकृत ओसार-पसारलाई नियन्त्रण गर्नेबित्तिकै स्वदेशी उत्पादन र कारोबारमा ह्वात्तै वृद्धि हुने कुरामा शङ्का छैन ।

दोस्रो कुरा नेपालको बैङ्किङ नीतिले पनि उत्पादन र कारोबारमा ह्रास आएको छ । राष्ट्र बैंकले गत वर्ष चालु पुँजी कर्जा लगायतका विषयमा ल्याएका अव्यावहारिक नीतिले गर्दा उद्योगी-व्यवसायीको मनोबल खस्किएको अवस्था छ । त्यसमा अझै सुधार आएको छैन । राष्ट्र बैंकको नीतिका कारण यहाँको ऋणको ब्याज महँगो भयो । ब्याज महँगो हुनेबित्तिकै उत्पादनलागत पनि बढ्यो । यसले गर्दा वस्तुको मूल्यवृद्धि हुनपुग्यो । सीमा नाकाबाट अवैध कारोबार फस्टाउने एउटा कारण यो पनि भयो ।

## तपाईंहरू किन बोल्नुहुन्न त ?

हामी त बारम्बार हरेक बैठक र छलफलमा बोलिरहेका नै छौँ । हाम्रो संघ, एफएनसीसीआई र यहाँ उद्योग संगठन मोरङले पनि बारम्बार यी विषयमा कुरा उठाएका हुन् तर सरकारले नै नसुनिदिएपछि र सुने पनि कार्यान्वयनमा नल्याइदिएपछि कसको के लाग्छ र ?

## तपाईं तेलउद्योगी पनि हुनुहुन्छ । भारतमा भन्दा नेपालमा तोरीको तेल किन महागो छ ?

यसमा पनि सरकारी नीति नै दोषी छ । पहिलो त सरकारले नेपालमा कृषि क्षेत्रलाई प्राथमिकतामा राखेन । कृषि उत्पादनमा वृद्धि गर्ने कुनै कार्यक्रमहरू प्रभावकारी ढङ्गले ल्याइएन । त्यसैले हामी उद्योगको सञ्चालनमा पनि कच्चा पदार्थका लागि भारत र तेस्रो मुलुककै भरमा छौँ ।

तर यहाँनिर कस्तो विडम्बना छ भने हामीले भारतबाट आयात गर्ने अप्रशोधित तोरीको भन्सार मूल्यांकनमा उद्योगलाई अन्याय गरिएको छ । हामी भारतबाट प्रति किलोग्राम भारु ५२ का दरमा तोरीको आयात गरिरहेका छौँ तर भन्सार विभागले सन्दर्भ मूल्यसूची (डेटा बेस)मा तोरीको भन्सार मूल्य प्रति किलोग्राम भारु ६० तोकिदिएको छ । हामीले तोरीको परल मूल्य भारु ५२ नै हो, कृपया कम्तीमा उद्योगका हकमा परल मूल्यमा नै कच्चा पदार्थको जाँचपास गरिदिनोस् भनेर बारम्बार अनुरोध गरिरहेका छौँ तर कुनै सुनवाइ छैन ।

खासमा भन्सारको विश्वव्यापी मूल्य र मान्यता के हो भने कारोबार मूल्यलाई नै मान्यता दिएर जाँचपास गर्नुपर्छ । डब्लुटिओ र विश्व भन्सार संगठनको मान्यताअनुसार पनि भन्सार कार्यालयहरूले सन्दर्भ मूल्यसूची बनाएर त्यसअनुसार मालवस्तुको जाँचपास गर्न पाउँदैनन् । उद्योगका हकमा त झन् मिल्दैन । आयातकर्ताले घोषणा गरेकै मूल्यमा भन्सारले जाँचपास गर्नुपर्छ ।

दोस्रो कुरा तेल, चामल, दाल आदिको प्याकिङ म्याटेरियलसमेत सरकारकै तर्फबाट महँगो पार्ने काम भएको छ । नेपालमा उत्पादन हुन नसक्ने प्याकिङ म्याटेरियलमा पनि भन्सार महसुल, अन्तःशुल्क र मूअकर गरेर ४८ प्रतिशत राजस्व तिर्नुपरिरहेको छ । उपभोग्य वस्तुको मूल्यमा वृद्धि हुने एउटा कारण यो पनि हो ।

त्यस्तै मूअकरसम्बन्धी अस्थिर नीतिले नेपालमा तोरीको तेल महँगो भएको छ । चार वर्षपहिलेसम्म तोरीको तेलमा लाग्दै आएको मूअकरमा उद्योगले ५० प्रतिशत छुट पाउने व्यवस्था थियो । तर हठात् यो व्यवस्थालाई खारेज गरियो ।

यिनै कारणले गर्दा भारतबाट अवैध रूपमा पैठारी भई आउने तोरीको सस्तो र गुणस्तरहीन तेलसित हाम्रो प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आएको छ । र, नेपालमा उत्पादित तोरीको तेल भारतीय तेलभन्दा प्रति लिटर ४० रुपैयाँले महँगो भएको छ । उत्पादन-लागत नै महँगिएपछि त्यसको एमआरपीमा असर पुगेको हो । यही महँगीले सङ्गठित चोरी पैठारी फस्टाएको हो । सरकारले सीमा नाकामा र नाकानजिकका बजारमा कडाइ गर्नु अत्यन्त आवश्यक छ ।

## नेपालबाट बास्मती चामलको निर्यात किन हुन नसकेको ?

हामीले मसिनो चामलको निर्यात खोल्नुपर्छ भनेर सरकारसमक्ष लबिइङ गरेको दसकौं भइसक्यो । नेपालबाट बास्मतीलगायतका मसिनो जातका चामल युरोप, अमेरिका, बेलायत र खाडी राष्ट्रमा समेत हुनसक्छ । बास्मती मात्र होइन यहाँका बिरम्फुल, जेठोबुढो, कालो नुनियाँ, पोखरेली, चुल्ठे लगायतका धेरै मसिनो चामलका आफ्नै विशिष्ट र उच्च प्रकारका स्वाद, सुगन्ध र विशेषता छन् । तिनको उत्पादनको वृद्धि गर्ने हो र ब्रान्डिङ गरेर निर्यात गर्ने हो भने हामी ठूलो परिमाणमा कारोबार गर्नसक्छौं । यो कुरा हाम्रो संघले बारम्बार उठाउँदै आएको छ र सरकारसमक्ष पनि धेरै पटक हामीले अनुरोध गरेका छौं ।

सरकारले मसिनो जातको चामलको निर्यात खोल्नेबित्तिकै यहाँका किसानले धानको राम्रो मूल्य पाउन थाल्छन् । धानको उत्पादनमा पनि वृद्धि हुन्छ । आफ्नै मुलुकको कृषिउत्पादनलाई मुख्य कच्चा पदार्थ बनाएर प्रशोधन गरिएको मालवस्तुको निर्यात गर्नु अत्यन्त खुशी र गौरवको कुरा पनि हो । यसले हाम्रो व्यापारघाटा घटाउन पनि मद्दत गर्दछ ।

## भारतमा भन्दा नेपालमा चामल किन महँगो छ ?

भारतका तुलनामा नेपालमा चामल महँगो हुनु स्वाभाविक हो । किनकि धानखेती नै यहाँ महँगो पर्छ । किसानलाई राज्यबाट कुनै सुविधा र सहुलियत छैन । मल, बीउ, सिँचाइ, कीटनाशक आदि दुर्लभ छन् । पाइए पनि तिनको मूल्य महँगो छ । उता भारतमा यसको ठिक विपरीत सबै कुरामा सरकारले किसानलाई सहुलियत र सुविधा दिएको छ । त्यसैले त्यहाँको उत्पादनलागत नै सस्तो पर्छ ।

दोस्रो कुरा धानको आयातमा सरकारले लगाएको ५ प्रतिशत शुल्कलाई पनि १ मा झार्नुपर्छ भनेर हामीले बारम्बार अनुरोध गरेका छौं तर कुनै सुनवाइ छैन ।

हामी नेपालका उद्योगले सन् २०२४ का लागि भारतबाट १० लाख टन धान आयात गर्न पाउनु पर्छ भनेर लबिइङ गरिरहेका छौं ।

## नेपालमा दालखेती र दालउद्योग पनि त त्यति फस्टाउन सकेनन् नि किन ?

हो, नेपालमा दालखेती र दालउद्योग दुबै फस्टाउन सकेका छैनन् । दालखेतीको विकासमा सरकारले अहिलेसम्म ध्यान दिएको र कुनै योजना वा कार्यक्रम ल्याएको सुनिएको छैन । नेपालको तराई क्षेत्रमा फल्ने मसुरो विश्वमै स्वादिलोमध्येको एक दाल हो । त्यस्तै पहाडी र हिमाली क्षेत्रका मस्याम, सिमी, बोडी, कालोमास, हरियो मास लगायतका दलहनका प्रजातिहरूको स्वाद र सुगन्ध अत्यन्त विशिष्ट प्रकारको छ । नेपाल दालको उत्पादनमा आत्मनिर्भर भएर निर्यातसम्म गर्नसक्ने अवस्था छ । तर दालको उत्पादनवृद्धिमा सरकारको ध्यान पुगेको छैन ।

सरकारी नीतिले दालखेती मात्र नभएर दालउद्योग पनि मारमा छन् । किनकि दालउद्योगले आफ्ना कच्चा पदार्थ अप्रशोधित दालको आयात गर्दा भन्सार महसुल १० प्रतिशत तिर्नुपर्छ । तर तर भारतबाट तयारी दालको आयात गर्ने हो भने कृषिसुधार शुल्क ९ प्रतिशत तिरे पुग्छ । यसरी राजस्वको दरका कारणले उद्योगहरू आयातित दालको मारमा छन् ।

उता भारतमा भने त्यहाँको सरकारले अप्रशोधित दालदलहनको आयातमा शून्य प्रतिशत महसुल निर्धारण गरेर आफ्ना जनतालाई राहत दिएको छ । यस्तो कुरा हाम्रो सरकारले कहिले बुभ्mला ?

## संगठनले नयाँ उधमी सिर्जना गर्दै




**सुरेन्द्र गोल्छा**
संयोजक

उद्योग संगठन मोरङ,
युवा उद्यमशीलता तथा स्टार्टअप उद्यम प्रवर्धन समिति


**प्रश्न : स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमअन्तर्गत तेस्रो ब्याचको कार्यक्रमका विशेषता के-के हुन् ?**

**उत्तर : तेस्रो ब्याचका लागि**

२०८० असोज १५ देखि कात्तिक १५ गतेसम्म संगठनको वेबसाइट www.cim.org.np बाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको छ । आवेदन परेका मध्येबाट सबैभन्दा पहिले तोकिएको मापदण्ड पुगेका २० वटा स्टार्टअप छनौट गरिन्छ । त्यसपछि १० महिनासम्म व्यावसायिक विकासका विभिन्न क्रियाकलापमा संलग्न गराएर स्तरोन्नति गराइन्छ । यसका लागि छानिएका स्टार्टअपलाई विषयगत आवश्यकताअनुसार विशेषज्ञ मेन्टर्सबाट ५० घण्टा मेन्टरसिप सेवा उपलब्ध गराइन्छ । यस पटक तेस्रो ब्याचका व्यावसायिक विकासको सम्भावना भएका स्टार्टअपमा लगानीका लागि एन्जल इन्भेस्टर्सको रोस्टर तयार पारिएको छ । इन्भेस्टर्सले सम्भावित परियोजनामा लगानी गर्नुहुनेछ ।

**प्रश्न : स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमले युवा उद्यमशीलता विकास एवम् रूपान्तरणमा कस्तो प्रभाव पारिरहेको छ ?**

**उत्तर :** उद्योग संगठन मोरङले २०७८ साउन १ देखि स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम सुरु गरेको हो । कार्यक्रमको उद्देश्य नवीन सोच तथा अवधारणा भएका युवालाई उद्यमशीलतामा रूपान्तरण गर्नु हो । यसका लागि हामी उहाँहरूलाई प्राविधिक एवम् व्यावसायिक अवधारणाका बारेमा परामर्श दिन्छौँ र नयाँ व्यावसायिक अवसरको सृजना गर्न उत्प्रेरित गर्छौं । यसको संयोजन २०७८ सालदेखि नै मैले गर्ने सौभाग्य पाएको छु । कार्यक्रमका माध्यमबाट पहिलो र दोस्रो ब्याचमा ३० जना नयाँ स्टार्टअप उद्यमी ग्राजुएट भइसकेका छन् । त्यसमध्ये केहीले उदाहरणीय काम गरेर आफूलाई व्यवसायका क्षेत्रमा स्थापित गराइरहनु भएको छ । अवसरका खोजीमा दैनिक हजारौँको सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा पलायन हुने क्रम जारी छ । यस अवस्थामा स्वदेशमै स्वयम् रोजगार हुनु गौरवको कुरा हो । यसका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना हुनुपर्छ । अनि मात्र आर्थिक एवम् औद्योगिक विकासमा योगदान पुऱ्याउन सकिन्छ भन्ने सन्देशको प्रवाह गर्नु हाम्रो अर्को अभिप्राय हो । कार्यक्रमले व्यावसायिक विकासको सकारात्मक वातावरणको निर्माण गर्न प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ ।

**प्रश्न : तेस्रो ब्याचमा कस्ता स्टार्टअपले छनौटमा प्राथमिकता पाउछन् र तिनीहरूको व्यावसायिक विकासका लागि के-कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने योजना छ ?**

**उत्तर** : तेस्रो चरणको कार्यक्रममा नौला व्यावसायिक अवधारणा भएका तथा स्तरोन्नतिको सम्भावना भएका नयाँ उद्यमीहरू सहभागी हुन सक्नेछन् । त्यसैगरी स्तरोन्नतिको सम्भावना भएका चालु उद्योग-व्यवसायको अग्र वा पृष्ठ सम्बन्ध कायम हुने वा हुनसक्ने युवा, महिला उद्यमीहरू र वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको आइडियालाई विशेष ग्राह्यता दिने गरी प्राथमिकता निर्धारण गरिएको छ । छनौट भएका स्टार्टअपहरूलाई व्यावसायिक योजना-तर्जुमा, प्राविधिक विषयमा मेन्टरसिप, कोचिङ तथा परामर्श सेवा, नेटवर्क विस्तार, बुट क्याम्पको आयोजना, बिजनेस हेल्थ चेकअप, लगायतका विषयमा परामर्शसेवा उपलब्ध गराइनेछ । त्यसका साथै पहिलो र दोस्रो चरणको कार्यक्रमपछि विभिन्न क्षेत्रमा परामर्श प्रदान गर्न मेन्टर्स तथा व्यवसाय-विकासको सम्भावना बोकेका स्टार्टअपहरूमा लगानी गर्न एन्जल इन्भेटर्सको रोस्टर तयार गरिएको छ ।

**प्रश्न : युवा उद्यमशीलता विकास र स्टार्टअपको प्रवर्धनका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारसाग कस्तो पैरवी गर्दै हुनुहुन्छ ?**

**उत्तर** : नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा स्टार्टअप उद्यमीलाई २५ लाख ऋण दिने कार्यक्रम समावेश गरेको थियो । सोहीअनुरूप हामीले स्टार्टअप उद्यमीका लागि विनियोजित बजेटको कार्यविधि लक्षित वर्गलाई उपलब्ध गराउन विभिन्न चरणमा नेपाल सरकारका सम्बन्धित निकायको ध्यानआकृष्ट गराएका थियौं । तर कार्यविधि व्यावहारिक नभएकाले उक्त कार्यक्रम कार्यान्वयनमा आउन सकेको छैन र संशोधनका क्रममा छ । प्रदेश सरकारले स्टार्टअप नीतिको ड्राफ्ट तयार गरेर सरोकारवाला पक्षका साथ पहिलो चरणको छलफल सम्पन्न गरेको छ र सुझाव पनि लिइसकेको छ । सङ्घीय सरकारको कार्यविधि र प्रदेश सरकारको नीति छिट्टै आउनेमा हामी आशावादी छौं । तेस्रो ब्याचको कार्यक्रम पनि पहिलेझैं विराटनगर महानगरपालिकाको सहकार्यमै सञ्चालन भइरहेको छ ।

# नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय मन्दी फन्डा मात्र हो



## राकेश सुराना

अध्यक्ष

समसामयिक विषयमा सिआइएम फ्याक्ट्स न्युजलेटरले उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानासित गरेको कुराकानी

**हामी यति बेला ठुला चाडबाडका सम्मुखमा छौं । उद्योगहरू त धमाधम चलिरहेका होलान् नि ?**

छैनन् । मुख्य कुरा बजार जुन प्रकारबाट सुरु हुनुपर्ने हो त्यो भएन । पहिले-पहिले पितृपक्ष लागेपछि नै बजारमा रौनक सुरु हुन्थ्यो । अहिले त्यस्तो छैन । देशका बजार कुनै गाउँजस्ता लाग्न थालेका छन् । मुख्य कुरा बजारमा माग नै छैन त्यसैले आपूर्ति छैन । आपूर्ति अवरूद्ध भएपछि त्यसको सिधा असर उत्पादनलाई पर्ने नै भयो । यसरी उत्पादन नै कटौती गर्नुपरेका कारणले अहिले सबै जसो उद्योग आधा क्षमतामा चल्न बाध्य छन् ।

**यसको काँरण के हो त ?**

पहिलो कुरा त बजारमा मुद्राप्रवाहको स्थिति अत्यन्त कमजोर छ । राष्ट्र बैंकको नीतिका कारण बैंकहरूले १२ प्रतिशतभन्दा बढीमा मुद्दतीको निक्षेप लिए । बचतको ब्याज पनि बढ्यो । यसले गर्दा उद्योग-व्यवसायमा जाने कर्जाको ब्याज अचाक्ली वृद्धि भयो । भर्खरै केही समयअघिसम्म समय यस्तो पनि थियो, न उद्योगी-व्यवसायी ऋण लिन बैंक गए, न बैंक नै ऋण दिन तयार भए ।

अहिले बैंकमा पर्याप्त तरलता छ तर उत्पादन, आपूर्ति र विक्रीको अवस्था अत्यन्त सुस्त हुँदा ऋणप्रवाह हुन सकिरहेको छैन । ब्याज पनि घटेको छैन । यसले गर्दा बजारमा मुद्राप्रवाह अझै हुनसकेको छैन । अहिलेको समस्याको पहिलो कारण हो यो ।

दोस्रो कारण, देशको मुख्य उपभोक्ताको जमात भनिएको युवाशक्ति अधिकांश बाहिर छ किनकि हाम्रो देशमा आयआर्जनका भरपर्दा स्रोत भएनन् । त्यसैले एक थरी युवाहरू वैदेशिक रोजगारका लागि खाडीलगायतका राष्ट्र पुगेका छन् भने अर्का थरी शिक्षा र रोजगारी दुबैका लागि युरोप, अमेरिका, अस्ट्रेलिया, क्यानाडा, जापान लगायतका मुलुकमा गएका छन् । कक्षा १२ पूरा गरेपछि यहाँ कोही बस्न चाहिरहेको छैन । गत वर्ष मात्र १ लाख ६७ हजार विद्यार्थीले देश छाडेको तथ्याङ्क छ । उनीहरू त्यतै 'सेटल' हुने पछि आमाबाबु पनि उतै बोलाउने परम्परा भइसकेको छ । यसरी देशको मुख्य उपभोक्ता वर्ग नै बाहिरिएपछि मुलुकको समग्र कारोबारमा ठुलो असर परेको छ ।

## यसको मुख्य कारण अन्तर्राष्ट्रिय मन्दी होइन र ?
## तपाईंले मुलुकमा अन्तर्राष्ट्रिय मन्दीको असरका बारेमा कुरै गर्नुभएन किन ?

नेपालको अहिलको आर्थिक समस्याको कारण अन्तर्राष्ट्रिय मन्दी होइन । नेपालका सन्दर्भमा अन्तर्राष्ट्रिय मन्दी भनेको एउटा फन्डा मात्र हो । अहिलेको हाम्रो समस्याको मूल कारण सरकार, राष्ट्र बैङ्क र वाणिज्य बैङ्कहरूले जारी गरेका नीति र कार्यक्रम हुन् । त्यसबाहेक सुशासन र भ्रष्टाचार-नियन्त्रण अर्को समस्या हो । बजारमा मुद्राप्रवाह पर्याप्त हुनसकेको भए अहिलेको अवस्था आउने थिएन । औद्योगिक क्षेत्रमा कर्जाप्रवाह नहुँदाको स्थितिमा सेयर र घरजग्गाको कर्जालाई खुकुलो बनाइदिएको भए पनि मुद्राप्रवाहमा वृद्धि हुने थियो । तर सरकार र राष्ट्र बैंकका तर्फबाट नियन्त्रणबाहेक केही गरिएन ।

अहिलेको ताजा उदाहरण नै हेर्नुस्न, चिनीजस्तो अत्यावश्यक उपभोग्य वस्तुलाई सरकारले ड्रग्स बनाइदिएको छ । नेपालमा चिनीको वार्षिक खपत ३ लाख २५ हजार टन छ तर हाम्रो आन्तरिक उत्पादन १ लाख टनका हाराहारीमा छ । बाँकी २ लाख २५ हजार टन चिनी भारतबाट तस्करी भएर आइरहेछ । चाडबाडका बेला नेपालका सीमाक्षेत्रबाट टाढाका उपभोक्ताहरू अहिले प्रति किलो १५० रुपैयाँमा चिनी खरिद गर्न बाध्य भइरहेका छन् । अर्कातिर कच्चा पदार्थ चिनी भएका जुस, बिस्कुट, कन्फेक्सनरी, इनर्जी ड्रिङ्क्सजस्ता उद्योगहरू अप्ठ्यारोमा छन् । त्यस्तै एक पटक नेपालबाट भारततर्फ अनधिकृत रूपमा केराउ निर्यात भयो भनेर सरकारले सधैँका लागि यसको आयात बन्द गरिदियो । यसको असर पनि दाल र स्न्याक्स उद्योगमा परेको छ । यसरी उद्योग-व्यवसायमैत्री सरकार नहुँदा राजस्वदेखि दैनिक जीवनसम्मले ठुलो असर भोग्नुपरेको छ ।

## यसको समाधान कसरी हुन्छ त ?

यसका लागि सरकारले सबैभन्दा पहिले निर्माण-व्यवसायीको सम्पूर्ण भुक्तानी तुरुन्त गरिहाल्नु पर्छ । त्यसपछि चालु आर्थिक वर्षको विकास बजेटलाई फास्ट ट्र्याकमा लगेर भए पनि कार्यान्वयन गर्न थाल्नुपर्छ ।

यी त भए सरकारले तत्काल गर्नुपर्ने काम । मध्य र दीर्घकालीन कार्यक्रम कार्यक्रमका लागि सरकारले अर्थशास्त्री, उद्योगी, व्यवसायी, समाजशास्त्री लगायतका विज्ञका बिचमा छलफल गराउनुपर्छ र ठोस निष्कर्ष निकालेर मुलुकको आर्थिक नीतिको तर्जुमा गर्नुपर्छ । साथै सरकारका तर्फबाट सुशासन र भ्रष्टाचार-नियन्त्रणको प्रत्याभूति हुनुपर्छ । अन्यथा यो मुलुकले समृद्धि हासिल गर्ला भन्ने मलाई लाग्दैन ।

## तर तपाईंहरू जहिले पनि सरकारलाई नै दोषी देख्नुहुन्छ । यो त दृष्टिदोष भएन र ?
## के अहिलेको अवस्था आउनुमा उद्योगी-व्यवसायीको दोष चाहि छैन त ?

हामीले नियतवश कसैको दोष देखाउन खोजेका होइनौँ । केवल सरकारी नीतिनिर्णय र कार्यशैलीप्रति विमति जनाएका मात्र हौँ । मूलतः सरकार हामी सबैको अभिभावक हो । त्यसैले मुलुकमा भएका सफलता र असफलताप्रति आउने जस वा अपजस सरकारले नै लिनुपर्ने हुन्छ । संसारभरिको अभ्यास यही छ । सरकारी नीति र कार्यशैली ठिक भएमा सबै क्षेत्र सही बाटोमा आउने कुरामा शङ्का छैन । यसो भनेर सरकार र कर्मचारीतन्त्रमा बस्ने सबै बेठिक हुनुहुन्छ भन्न खोजेको होइन । त्यहाँ पनि जेनुइन व्यक्तित्वहरू हुनुहुन्छ । औद्योगिक-व्यावसायिक क्षेत्रमा पनि ५ प्रतिशत व्यक्ति वा प्रतिष्ठानहरू खराब होलान् । यही बहानामा अन्य ९० प्रतिशतलाई पनि ५ प्रतिशतकै आँखाले हेरिनुहुन्न भन्ने हाम्रो धारणा छ ।

# स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमअन्तर्गत तेस्रो ब्याच शुभारम्भ



नवीन व्यावसायिक सोच- विचार तथा अवधारणा भएका युवाहरूलाई उद्यमशीलतामा रूपान्तरण गर्न उत्प्रेरकको भूमिका निर्वाह गर्ने उद्देश्यका साथ उद्योग संगठनले स्टार्टअप एन्ड इनोभेसन कार्यक्र(मअन्तर्गत तेस्रो ब्याचका लागि स्टार्टअपको आवेदन आह्वान गरेको छ ।

स्टार्टअपहरूलाई व्यावसायिक विकासका सेवाहरू प्रदान गर्न बिजनेश कोच, मेन्टर्स र एन्जल इन्भेस्टर्सको नेटवर्क स्थापना गरिएको छ । उहाँहरूले व्यावसायिक सम्भावना उच्च भएका स्टार्टअपहरूमा लगानी गर्नुहुनेछ । कार्यक्रमलाई प्रभावकारीरूपमा सञ्चालन गर्न २० जना स्टार्टअप व्यवसायी रहने गरी तेस्रो ब्याचका लागि प्रस्तावको आह्वान गरिएको छ । कार्यक्रमको कार्यान्वयनका लागि प्रदेश सरकार, विराटनगर महानगरपालिका, पूर्वाञ्चल विश्व विद्यालय, अन्तरप्रेरणा प्रा.लि., नेपाल युवा उद्यमी मञ्च, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघलगायतका संस्थाहरूसँग सहकार्य गरिएको छ ।

दश महिना अवधि रहने तेस्रो चरणको कार्यक्रम नवीन व्यावसायिक अवधारणा भएका तथा स्तरोन्नतिको सम्भावना भएका प्रारम्भिक अवस्थाका नवीन उद्यमहरू सहभागी हुन सक्नेछन् । यो कार्यक्रमले नवीन व्यावसायिक अवधारणा, स्तरोन्नति तथा अनुशरण गर्ने सम्भावना भएका चालु उद्योग व्यवसायको अग्र वा पृष्ठ सम्बन्ध कायम हुने वा हुनसक्ने महिला उद्यमीहरू, वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको आइडियालाई विशेष ग्राह्यता दिइने गरि प्राथमिकता निर्धारण गरिएको छ ।

# चोरी पैठारी नियन्त्रण तथा राजस्वचुहावट विषयमा छलफल



चोरी पैठारी नियन्त्रण तथा राजस्व चुहावटका साथै राजस्व अनुसन्धान विभागसँग सम्बन्धित समसाम(यिक विषयमा उद्योगी-व्यवसायी र विभागका महानिर्देशक नवराज ढुङ्गानाबिच उद्योग संगठन मोरबमा छलफल भएको छ ।

छलफलमा संगठनका अध्यक्ष राकेश सुरानाले नियतवश हुने कसुर तथा भुलवश हुने गल्ती छुट्य(ाई अनुसन्धा पछि मात्र कारबाही अगाडि बढाउन विभागका महानिर्देशकलाई आग्रह गर्नुभयो ।

अध्यक्ष सुरानाले शङ्काकै आधारमा भइरहेको धरपकडले व्यवसायीको सामाजिक प्रतिष्ठामा आँच आएको र डरत्रासको वातावरण सिर्जना भइरहेको स्पष्ट पार्नुभयो । यसका कारण लगानी सब्कुचित हुँदै गएको उहाँको भनाइ छ ।

विभागका महानिर्देशक ढुङ्गानाले राजस्वचुहावट तथा चोरी पैठारी नियन्त्रणका लागि सरकार र निजी क्षेत्रको सामूहिक प्रयास र विश्वासको वातावरण हुनुपर्ने धारणा प्रकट गर्नुभयो । महानिर्देशक ढुङ्गानाले आफूले आन्तरिक व्यापार र वित्तीय क्षेत्रमा सुधार हुने विश्वास गरेको स्पष्ट पार्नुभयो । ढुङ्गानाले निजी क्षेत्रले कानुनसमत रूपमा व्यवसाय गरेर राजस्वको लक्ष्य प्राप्तिमा सहयोग गर्नेछ भन्ने विश्वास आफूमा रहेको जानकारी गराउनुभयो ।

नेको इन्सुरेन्स लि.

NECO INSURANCE LTD.

MAKE A VISIBLE DIFFERENCE

केन्द्रिय कार्यालय

बीमा भवन, ज्ञानेश्वर, काठमाडौं ।

www.neco.com.np



/necoinsurance | info@neco.com.np | 01-4442263